आज मिति २०८३।०४।२८ गते यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारित गरिए।

तपसिल:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री भीम बहादुर चन्द | नगर प्रमुख | |
| २. | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३. | श्री शरद सिंह नेगी | वडा अध्यक्ष (१ नं. वडा) | |
| ४. | श्री कृष्ण दत्त भट्ट | वडा अध्यक्ष (२ नं. वडा) | |
| ५. | श्री गगन सिंह भाट | वडा अध्यक्ष (३ नं. वडा) | |
| ६. | श्री हर्क बहादुर चन्द | वडा अध्यक्ष (४ नं. वडा) | |
| ७. | श्री भरत सिंह पुजारा | वडा अध्यक्ष (५ नं. वडा) | |
| ८. | श्री तारा दत्त भट्ट | वडा अध्यक्ष (६ नं. वडा) | |
| ९. | श्री राम चन्द भट्ट | वडा अध्यक्ष (७ नं. वडा) | |
| १०. | श्री तपेन्द्र सिंह विष्ट | वडा अध्यक्ष (८ नं. वडा) | |
| ११. | श्री लोक राज भट्ट | वडा अध्यक्ष (९ नं. वडा) | |
| १२. | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३. | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४. | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५. | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | Parvati |
| १६. | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७. | श्री बिजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८. | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९. | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |
| **आमन्त्रित** | | | |
| १. | श्री नरेन्द्र सिंह महरा | कम्प्युटर अपरेटर | |

**प्रस्तावहरुः**

१. बाल बिकास शिक्षक व्यवस्थापन सम्बन्धमा।
२. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
३. करार कर्मचारी तलब/भत्ता सम्बन्धमा।
४. कार्यविधि सम्बन्धमा।
५. LACCP को समपुरक रकम थप गर्ने सम्बन्धमा।
६. सवारी साधन सम्बन्धमा।
७. ठेक्का तथा क्रमागत योजनाको म्याद थप सम्बन्धमा।
८. भुक्तानी बाँकी सम्बन्धमा।
९. शिक्षक व्यवस्थापन सम्बन्धमा।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम वहादुर चन्द
नगर प्रमुख

निर्णयहरुः

निर्णय नं. १

मेलौली नगरपालिका अन्तर्गत वडा नं. ९ मा रहेको श्री विशालपुर माध्यमिक विद्यालयमा कार्यरत बाल शिक्षक श्री राजेश्वरी वि.क.लाई दरबन्दी सहित EMIS Transfer गरी मे.न.पा. वडा नं. १ मा रहेको श्री शारदा आधारभूत विद्यालयमा सरुवा गर्ने । साथै मे.न.पा. वडा नं. ९ मा रहेको श्री शिव आधारभूत विद्यालयमा दरबन्दी कायम रही हाल मे.न.पा. वडा नं. ९ को श्री विशालपुर माध्यमिक विद्यालयमा कार्यरत बाल शिक्षक श्री कमला लुहारलाई दरबन्दी सहित EMIS Transfer गरी श्री विशालपुर माध्यमिक विद्यालयमा सरुवा गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस मेलौली नगरपालिका अन्तर्गत तपसिल बमोजिमका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई मेलौली नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका कार्यालयहरुमा कामकाज गर्न खटाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम | पद | हाल कार्यरत कार्यालय | खटाइएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | चम्पा कुमारी दयाल | अ.हे.व | महारुद्र स्वास्थ्य चौकी | आधारभूत स्वास्थ्य केन्द्र केशरपुर | |
| २ | गणेश बहादुर चन्द | अ.हे.व | आधारभूत स्वास्थ्य केन्द्र | महारुद्र स्वास्थ्य चौकी | |
| ३ | लक्ष्मी ओड | अ.न.मि. | आधारभूत स्वास्थ्य केन्द्र केशरपुर | महारुद्र स्वास्थ्य चौकी | |

साथै वडा कार्यालयहरुमा वडा सचिवको अभावमा मिति २०८३/०४/१३ गते अतिरिक्त जिम्मेवारी दिई प्रमुख प्रशासकीय अधिकृतबाट खटाईएका तपसिल बमोजिमको अतिरिक्त जिम्मेवारीलाई सदर गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | कर्मचारीको नाम | पद | जिम्मेवारी | वडा नं. |
|---|---|---|---|---|
| १ | श्री उमाकान्त जोशी | सर्वेक्षक | वडा सचिव | ४ |
| २ | श्री नरेन्द्र सिंह जुहारी | कम्प्युटर अपरेटर | वडा सचिव | ९ |
| ३ | श्री चिन्तामणी भट्ट | सव इन्जिनियर | वडा सचिव | ६ र ७ |
| ४ | श्री खेम राज भट्ट | सहायक चौथो | वडा सचिव | ५ र ८ |

निर्णय नं. ३

यस मेलौली नगरपालिका र वडा कार्यालयहरुमा विगतदेखि सेवा करारमा कार्यरत कर्मचारी, संघीय सरकार र प्रदेश सरकारको विभिन्न कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीको तपसिल बमोजिम तलबबृद्धि गर्ने निर्णय पारित गरियो ।

तपसिलः

१. पूर्ण रुपमा नगरपालिकाबाट तलबभत्ता खाइपाई आईरहेका कर्मचारीहरुको हकमा साविकको तलबमानको १० प्रतिशत रकम बृद्धि गर्ने,
२. संघीय सरकार र प्रदेश सरकारको विभिन्न कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीको हकमा यस नगरपालिकाले लागत साझेदारी गरेको तलब रकममा मात्र १० प्रतिशत रकम बृद्धि गर्ने ।

निर्णय नं. ४

**"सामुदायिक विद्यालयमा कार्यालय सहयोगी पदपूर्ति सम्बन्धी कार्यविधि, २०८३"** स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

मेलौली नगरपालिका र जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत आर्थिक बर्ष २०८३/०८४ मा विभिन्न क्षेत्रका योजनाहरु तथा क्रियाकलाप कार्यान्वयन गर्नका लागि आ.व. २०८३/०८४ को नगरसभाले रु ८००००००।- (अक्षरुपी असि लाख रुपयाँ मात्र) समपुरक रकम (Matching Fund) विनियोजन गरेकाले सोही आधारमा गत आव बर्ष २०८२।०८३ को दायित्व रकम रु ३१ लाख र चालु आ.व. का लागी ४९ लाख रहने हुदा परियोजनाबाट अनुदान रकम थप भएमा नगरपालिकाले व्यहोर्नु पर्ने समपुरक रमक थप गर्नेगरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

**निर्णय नं. ६**

यस नगरपालिकाको स्वामित्वमा रहेका दुई पाङ्ग्रे सवारी साधानहरु हाल यस कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत केही कर्मचारीहरूले बुझी प्रयोग गर्दै आएको, शाखागत रुपमा सवारी साधान उपलब्ध नहुँदा शाखागत कामकार्वाहीमा अप्ठ्यारो परेको विषय समेतलाई मध्यनजर गरी अबदेखि उक्त सवारी साधनहरु नगरपालिकाको सवारी साधन पुल (Pool) मा राखी सबै शाखाको सम्बन्धित कर्मचारीहरुले आवश्यक शाखागत कामको लागि मात्र लगबुक भरी सम्बन्धीत अधिकारीको स्वीकृतिमा प्रयोग गर्ने/गराउने तथा सवारी साधनको उचित संरक्षण र व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका तपसिल बमोजिमका सडक बोर्ड अन्तर्गतका क्रमागत योजनाहरुको म्याद मिति २०८३ मंसिर मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना/आयोजनाको नाम |
|---|---|
| १ | घरेलु जर्कु नङरौ सडक |
| २ | रौतगाउँ समैजी सलेना दुर्गास्थान स्याडी सडक |
| ३ | पेल्या ढणौन सडक मर्मत |
| ४ | जमाडी गैरी सडक मर्मत |
| ५ | हरडाखान देखि रोडीमाण्डौ सडक मर्मत |
| ६ | खलिगाड तिताबै सडक मर्मत |
| ७ | नेट्राखान तिताबै सडक मर्मत |

**निर्णय नं. ८**

आ.व. २०८२/०८३ मा भुक्तानी हुन बाँकी रहेका आयोजना/योजनाहरुको आवश्यक रकम विनियोजनका लागि आगामी हिउँदे अधिवेशनमा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ९**

मेलौली नगरपालिका अन्तर्गत पुल दरबन्दीमा रहेका शिक्षकहरु व्यवस्थापन गर्नका लागि विद्यालयको स्थलगत निरीक्षण गरी विद्यालयको शिक्षक/ विद्यार्थी अनुपात र विद्यालयको शिक्षक दरबन्दीको आवश्यक्ताका आधारमा पदस्थापन गर्ने प्रयोजनार्थ आगामी नगर कार्यपालिकाको बैठकमा राय सहितको प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**<u>तपसिल:</u>**

श्री तपेन्द्र सिंह विष्ट (वडा अध्यक्ष वडा नं. ८): संयोजक

श्री रामचन्द भट्ट (वडा अध्यक्ष वडा नं. ७) : सदस्य

श्री मनु कुमारी क्षेत्री (शिक्षा अधिकृत) : सदस्य सचिव

**साथै,**

श्री विजयपुर माध्यमिक विद्यालय मेलौली नगरपालिका वडा नं. ४ तिताबैमा शिक्षा नियमावली २०५९ को दशौ संशोधन अनुसार सो विद्यालयको मिति २०८३/०४/२६ गतेको वि.व्य.स. को बैठकको निर्णय नं. १ बमोजिम एकै तहमा एक विषयका लागि एकभन्दा बढी शिक्षक नरहने गरी सो विद्यालयको माध्यमिक तहको सामाजिक विषयमा २ दरबन्दी रहेको तथा गणित विषयको दरबन्दी नरहेकाले एउटा सामाजिक दरबन्दीलाई नियमावलीको अनुसूची १२ बमोजिम गणित विषयमा रुपान्तरण गर्न शिक्षा विकास तथा समन्वय इकाइ बैतडीलाई सिफारिस गर्ने निर्णय गरियो ।

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख